## १. अपाङ्‍कता भएका व्यक्ति भन्नाले के बुझिन्छ ?

- ❖ शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ।
- ❖ आफ्नो जायजेथा केही नभएको, स्याहार सुसार गर्ने पनि कोही नभएको र आफैंले कुनै रोजगारी गरेर खान पनि नसक्ने रहेछ भने त्यस्तो अपाङ्गरता भएको व्यक्तिलाई "असहाय अपाङ्गता भएको व्यक्ति" भनिन्छ।
- ❖ असहाय अपाङ्गहता भएका व्यक्तिलाई पालनपोषण गर्ने समेतको लागि व्यवस्था गरिएको घरलाई "अपाङ्ग घर" भनिन्छ।
- ❖ अपाङ्गपनको निर्धारण नेपाल सरकारबाट तोकिएको चिकित्सक वा समितिले गर्दछ।

## २. अपाङ्गताको प्रकार कसरी छुट्याइएको छ ?

गम्भीरताका आधारमा अपाङ्गातालाई निम्नानुसार चार प्रकारमा विभाजन गरिएको छः-

- ❖ **पूर्ण अशक्त अपाङ्गताः** व्यक्तिको शारिरीक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीब्र बौद्धिक अपाङ्गिता भएका व्यक्तिहरू, पूर्ण रूपमा श्रवण, दृष्टिविहिन व्यक्तिहरू तथा आफै हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गतता भएका व्यक्तिहरू,
- ❖ **अति अशक्त अपाङ्गणताः** निरन्तर अरूको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, संचार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरूदण्डमा चोट वा पक्षघात भई वा मांशपेशी विचलन भई वा मष्तिस्क पक्षघात भई कम्मर भन्दा मुनिको भाग क्रियाशिल हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरा मुनिको अंग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिका अंग नभएका वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशिल नभई वैशाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टिविहिन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन आफै गर्न सक्ने तर सिकाईमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनु पर्ने बहुअपाङ्गता भएका व्यक्तिहरू,
- ❖ **मध्यम अपाङ्गताः** कृतिम अंगको प्रयोग वा सहायक सामाग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफै गर्न सक्ने, पोलियो भई घुडामुनिको अंगमा मात्र प्रभाव परेको, स्वतन्त्र रूपमा हिडडुल गर्न सक्ने शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केला भन्दा मुनिका कम्तिमा बुढीऔंला र चोरऔला नभएका तथा कुर्कुच्चा भन्दा मुनिको भाग नभएका, मेरूदण्डमा समस्या भइ ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्कता भएका व्यक्तिहरू, श्रवण यन्त्रको प्रयोगबाट मात्र सुन्न सक्ने सुस्त श्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाटीको नलीबाट मात्र बोल्न सक्ने व्यक्तिहरू, तीब्र भकभके व्यक्तिहरू, ३ फिट मुनिका पुड्का व्यक्तिहरू, चश्मा र श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्युन दृष्टियुक्त व्यक्तिहरू,
- ❖ **सामान्य अपाङ्गिताः** शारीरिक अंगहरूमा सामान्य विचलन भएतापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाई नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू, हत्केला मुनिका कम्तिमा बुढीऔंला र चोरऔंला भएका, खुट्टाको औलाका भागहरू नभएका, श्रवणयन्त्र लगाइ वा नलगाई ठूलो आवाज सुन्ने तर बोली प्रष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाईमा कठिनाई हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू,

## ३. अपाङ्गताको परिचय पत्र कसले कसरी वितरण गर्दछ ?

अपाङ्गताको परिचय पत्र सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयबाट देहायबमोजिम वितरण गरिन्छः

- ❖ **पूर्ण अशक्त अपाङ्गताः** 'क' वर्गको परिचय पत्र, रातो रंगमा सुनौला अक्षरले लेखिएको,

- **अति अशक्त अपाङ्गता:** 'ख' वर्गको परिचय पत्र, निलो रंगमा सुनौला अक्षरले लेखिएको,
- **मध्यम अपाङ्गाता:** 'ग' वर्गको परिचय पत्र, पहेलो रंगमा निलो अक्षरले लेखिएको,
- **सामान्य अपाङ्गाता:** 'घ' वर्गको परिचय पत्र, सेतो रंगमा कालो अक्षरले लेखिएको,

## ४. अपाङ्गता भएका व्यक्तिका के कस्ता अधिकारहरू हुन्छन् ?

अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्वन्धमा हाम्रो संविधानमा गरिएका मुख्य मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन:-

- सम्मानपूर्वक बाँच्न पाइने,
- कानूनको दृष्टिमा समान हुने, कानूनको समान संरक्षणबाट बञ्चित नगरिने,
- सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था वा अपाङ्गता लगायतका आधारमा भेदभाव नगरिने,
- अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तिकरण तथा बिकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने,
- अपाङ्गता भएका व्यक्तिलाई समावेशी,समानुपातिक सिध्दान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने,
- अपाङ्गता भएका व्यक्तिलाई मर्यादित र आत्म-सम्मानपूर्बक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने,
- अपाङ्गता भएका व्यक्तिलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने,
- जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा अपाङ्गता भएका व्यक्तिलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने,

## ५. अपाङ्गता भएका व्यक्तिका हक हित संरक्षणसम्बन्धी कुन कुन कानूनहरु छन् ?

अपाङ्गता भएका व्यक्तिहरूको हक हितको संरक्षण तथा सम्वर्धनका सम्वन्धमा नेपालको संविधानमा भएका व्यवस्थाको अतिरिक्त अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९ तथा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ मा विभिन्न व्यवस्था गरिएको छ।

## ६. अपाङ्गता भएका व्यक्तिको बिरूद्ध के कस्ता कार्यहरू गर्न पाइदैन ?

अपाङ्गता भएका व्यक्तिहरूको बिरूद्धमा निम्नबमोजिमको कार्यहरू गर्न नपाइने गरी कानूनले निषेध गरेको छः

- अपाङ्गताको आधारमा मात्र शिक्षा र तालीम दिने वा सांस्कृतिक कार्यक्रम गर्ने कुनै पनि संस्था वा क्लब वा समुदाय वा समारोहमा प्रवेश गर्नबाट रोक्न पाइँदैन,
- अरूले पाए सरहको राजनैतिक अधिकार तथा आर्थिक र सार्बजनिक सुरक्षा पाउन, रोजगारी पाउन, व्यवसायमा संलग्न हुन तथा मानवोचित सम्मानपूर्ण जीवनयापन गर्न पाउने समेतका अधिकारबाट वञ्चित गर्न पाइँदैन,
- साधारणतया सरकारी सेवा वा अरू कुनै सार्बजनिक सेवाको नियुक्ति वा बढुवामा अपाङ्गताको आधारमा भेदभाव गर्न पाइँदैन,

## ७. अपाङ्गता भएका व्यक्तिको शिक्षा तथा रोजगारी सम्वन्धमा के कस्ता व्यवस्थाहरु गरिएका छन् ?

अपाङ्गता भएका व्यक्तिको शिक्षा तथा रोजगारीको विषयमा हाम्रो कानूनमा भएका मुख्य मुख्य व्यवस्थाहरू निम्नबमोजिम रहेका छन:-

- अपाङ्गता भएको कुनै पनि व्यक्तिलाई शिक्षण संस्थामा नि:शुल्क भर्ना लिइने,
- आन्धा,बहिरा र सुस्त मनस्थिति भएका व्यक्तिलाई शिक्षा दिन विशेष प्रकारको व्यवस्था गरिने,
- संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने,
- निजामति सेवामा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैंतालिस प्रतिशत पद छुट्ट्याई सो प्रतिशतलाई सतप्रतिशत मानी अपाङ्गता भएका व्यक्तिको लागि पाँच प्रतिशत छुट्ट्याउने,
- अपाङ्गता भएका व्यक्तिलाई आर्थिक रूपमा स्वावलम्बी बनाउन निजहरूको अवस्था सुहाउँदो वातावरणमा श्रमको उचित प्रतिफल पाउन सक्ने प्रकारको तालीमको लागि व्यवस्था गर्न सक्ने,
- पच्चिस जना भन्दा बढी मजदुर नियुक्त गरिने कारखानाले जम्मा मजदुर संख्याको पाँच प्रतिशत संख्यामा नघटाई अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालीम, योग्यता र अनुभवको आधारमा उपयुक्त हुने काममा नियुक्त गर्नुपर्ने गरी तोक्न सकिने,
- अपाङ्गता भएको मजदुरले अन्य मजदुरले पाए सरहको पारिश्रमिक पाउने,

- अपाङ्गता भएका मजदुर र अन्य मजदुरको सेवाका शर्त तथा वृत्ति विकासका अवसरहरू समान हुने,भेदभाव गर्न नपाइने,
- कुनै यन्त्रको काम अर्थात् मेशिनरी सम्वन्धी काममा अपाङ्गता भएको व्यक्तिलाई लगाउँदा निजको सुरक्षा हुने गरी सुरक्षा उपकरण प्रयोग गर्नु पर्ने गरी व्यवस्था गर्नु पर्ने,
- अपाङ्गता भएका श्रमिकहरूलाई सामान्य जीबनयापन गर्नका लागि आवश्यक थप सुविधा दिइने व्यवस्था गर्न सकिने।

## ८. अपाङ्गता भएका व्यक्तिले पाउने सुविधा तथा सहुलियतहरु के के छन् ?

अपाङ्गता भएका व्यक्तिले मुख्य रूपमा निम्न बमोजिमको विशेष सुविधा तथा सहुलियत पाउन सक्ने व्यवस्था रहेको छ।

- घरवास नभएका अपाङ्गता भएका व्यक्तिलाई आफ्नो घरवास बनाउन वा कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा नेपाल सरकारले प्रचलित कानून बमोजिम वितरण गरिने वा हाल आवादी गर्न दिइने जग्गा तोकिएको शर्त वन्देजको अधिनमा रहने गरी उपलब्ध गराई दिन सकिने,
- कुनै अपाङ्गता भएको व्यक्तिले खेलकूद, मनोरञ्जन वा साँस्कृतिक प्रदर्शन इत्यादिमा भाग लिन चाहेमा उपयुक्त तालिम दिने,सिकाउने आदि व्यवस्था गर्न प्राथमिकता दिन सकिने,
- वस,रेल तथा हवाइजहाजबाट यात्रा गर्दा अरू व्यक्तिको निरन्तर सहारा चाहिने कुनै पनि अपाङ्गता भएका व्यक्तिलाई त्यस्तो एकजाना व्यक्तिलाईयात्रु भाडा दरको आधा भाडा छुट दिन सकिने,
- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्नु पर्ने सहायक साधन,उपकरण वा औजारमा भन्सार,अन्तशुल्क,बिक्री कर,स्थानीय कर लगायत अन्य दस्तुर समेत नेपाल सरकारले सम्पूर्ण वा आंशिक रूपमा छुट दिनसक्ने,
- अपाङ्गले तालिमको लागि वा निजी रोजगारीको लागि प्रयोग गरिने मालसामान,यन्त्र,पार्टपुर्जा तथा कच्चा पदार्थहरूमा भन्सार,अन्तशुल्क,बिक्रीकर,स्थानीय कर लगायत अन्य दस्तुर समेत नेपाल सरकारले सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्ने,
- बृध्द अपाङ्गता भएका व्यक्ति तथा असहाय अपाङ्गता भएका व्यक्तिलाई बसोबासको लागि अपाङ्गघरको व्यवस्था गर्न र त्यस्तो घरमा मनोरञ्जन तथा सुबिस्तासंग समय बिताउने साधनहरूको व्यवस्था गर्न सकिने,
- अपाङ्गता भएका व्यक्तिहरूको निमित्त तोकिएको बेकारी (बेरोजगारी) भत्ता,जीबनयापन भत्ता, बृध्द अवस्था निबृत्तिभरण वा बिशेष भत्ताको व्यवस्था मिलाउन सकिने,
- सार्वजनिक यातायातको साधनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि केही स्थान (सिट) सुरक्षित राख्ने व्यवस्था गर्ने,
- कारखाना वा औद्योगिक प्रतिष्ठान वा धार्मिक संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई संरक्षण प्रदान गर्न आफ्नो आम्दानीको तोकिएको प्रतिशत रकम छुट्ट्याउनु पर्ने।

## ९. के कस्ता कार्यहरू अपाङ्ग बिरुद्धको कसूर/अपराध मानिन्छन् ?

निम्न बमोजिमको क्रियाकलापलाई अपाङ्गता सम्वन्धी कसूर/अपराध वा अपाङ्गता विरूध्दको कसूर/अपराध मानिन्छः-

- कसैले पनि अपाङ्गता भएका व्यक्तिको जानी जानी अहित हुने गरी निजको तर्फबाट कारोबार गरे वा लिखत तयार गरेमा,
- कुनै पनि व्यक्तिलाई भिक्षा माग्ने वा अनैतिक काम गर्ने वा त्यस्तै अन्य काममा प्रयोग गर्ने उद्देश्यले निजको मञ्जुरी लिई वा नलिई अपाङ्ग बनाएमा वा बनाउमे उद्योग गरेमा,
- मागी खाने वा अनैतिक काम गर्ने वा अन्य त्यस्तै कारोवारमा कुनै अपाङ्गलाई प्रयोग गरेमा,
- कडा रोग लागेको अपाङ्गता भएको व्यक्तिलाई छुन नहुने भनी वा त्यस्तै आधारमा तिरस्कार गरेमा,
- कुनै पनि अपाङ्गता भएको व्यक्तिले अनैतिक वृत्ति वा व्यवसाय गरेमा,

## १० अपाङ्गतासम्बन्धी कसूर/अपराध गरेमा के कस्तो सजाय हुन्छ ?

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले निषेध गरेको कुनै काम गर्ने अर्थात् अपाङ्गतासम्बन्धी कसूर/अपराध गर्ने वा त्यस्तो काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न अर्हाउने वा मद्दत गर्ने व्यक्तिलाई बढीमा एक बर्ष सम्म कैद वा पाँच हजार रूपैयासम्म जरिवाना वा दुबै सजाय हुनसक्छ।

## ११. अपाङ्गतासम्बन्धी कसूर/अपराधमा कहाँ, कसरी उजूरी गर्नु पर्छ ?

- पीडित पक्षले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले निषेध गरेको काम गरेको भनी उजूरी दिनु पर्दा नजिकको प्रहरी कार्यालयमा दिनु पर्दछ,

- ❖ नेपालको संविधानले दिएका अधिकारको उल्लंघन भएको अवस्थामा वा अन्य कुनै कानूनमा उजूरी सम्बन्धी स्पष्ट व्यवस्था नभएकोमा उच्च अदालत वा सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नु पर्दछ।
- ❖ अपाङ्गता सम्वन्धी कसूरको मुद्दा नेपाल सरकार वादी भई चल्ने र सरकारवादी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको मानिने व्यवस्था भएकोले उजुरी दिएपछि नेपाल सरकारले नै अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्दछ। पीडित पक्ष आफैंले मुद्दा दायर गर्नु पर्दैन।
- ❖ अपाङ्गता सम्वन्धी कसूर अपराधमा बाहेक अन्य विषयमा अन्याय परी मुद्दा दायर गर्नु परेमा सम्वन्धित विषयको कानूनमा लेखिएको निकायमा मुद्दा दायर गर्नु पर्दछ। सरकारवादी भई चल्ने विषयका मुद्दा भए कानूनले तोकेको निकायमा उजूरी दिनुपर्दछ। दुनियाँवादी भई चल्ने मुद्दामा भने आफैंले मुद्दा दायर गर्नु पर्दछ।

**१२. अपाङ्गता भएका व्यक्तिहरूले नि:शुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सक्छन् ?**

सरकारवादी भई मुद्दा चल्ने विषय बाहेक अन्य विषयमा पीडितले निम्नानुसार नि:शुल्क कानूनी सेवा प्राप्त गर्न सकिन्छ:

- ❖ सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट नि:शुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ,
- ❖ सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी बैतनिक कानून व्यवसायीबाट नि:शुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ।

## सम्पर्क ठेगाना:

**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३७
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

# अपाङ्गता भएका व्यक्तिको अधिकारसम्वन्धी जानकारी पुस्तिका



## सर्वोच्च अदालत

### न्यायमा पहुँच आयोग

रामशाहपथ, काठमाडौं

२०७४